# नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश अध्यक्षको भेलाद्धारा जारी

# रारा घोषणापत्र - २०७५

नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेश जिल्ला अध्यक्षको भेला २०७५ वैशाख १ गते नेपालको प्रमुख पर्यटकीयस्थल मुगुको रारामा सम्पन्न भयो । केन्द्रीय सदस्य कलेन्द्र सेजुवालको सभापतित्वमा भएको भेलामा प्रमुख अतिथि महासंघका महासचिव रमेश विष्ट हुनुहुन्थ्यो । भेलामा केन्द्रीय सदस्यद्धय पूर्णप्रसाद चौलागाइँ र गोविन्द चौलागाइँका साथै प्रेस काउन्सिल नेपालका सदस्य इश्वरी ओझा, मुख्य अधिकृत झबिन्द्र भुसाल, कर्णाली प्रदेशका मुख्यमन्त्रीका प्रेस सल्लाहकार ध्रुव बुढाथोकी र प्रदेश अन्तर्गत जिल्लाका अध्यक्षको सहभागिता रहेको थियो ।

भेलाद्धारा निम्न घोषणापत्र जारी भएको छ ।

१) देश संघीयतामा गइसकेको अवस्थामा अब बन्ने सरकारी सञ्चार नीति पत्रकार तथा मिडियामैत्री बनाउन यो भेला माग गर्दछ ।

२) श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक कार्यान्वयनमा यो भेला विशेष जोड दिन्छ । साथै कर्णालीका साथै साना लगानीका मिडियाको प्रवर्द्धनको लागि समानुपातिक विज्ञापन नीति कार्यान्वयन गर्न माग गर्दछ ।

३) कर्णाली प्रदेशका पत्रकार र मिडियाको लागि सरकारले दिने उपकरण अनुदान बढाउन र कर छुट गर्न माग गर्दछ । यसका साथै कर्णालीका पत्रकार महासंघका भवन निर्माणमा आर्थिक सहयोग गर्न केन्द्र र प्रदेश सरकारसँग माग गर्दछ ।

४) यो भेला पत्रकार आचारसंहिता कार्यान्वयनका साथै पत्रकार महासंघका सदस्यता शुद्धिकरणलाई प्रभावकारी रुपमा लग्ने प्रण गर्दछ ।

५) प्रदेश स्तरमा सञ्चार सम्वद्ध निकाय स्थापना गर्न यो भेला प्रदेश सरकारसँग माग गर्दछ ।

६) कर्णाली प्रदेश सरकारले घोषणा गरेको ‘कर्णाली-रारा पर्यटन वर्ष अभियान’लाई सफल बनाउन पत्रकार महासंघको तर्फबाट सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

७) रारालगायत कर्णाली प्रदेशका प्रमुख पर्यटकीय स्थलको विकासको लागि ठोस योजना बनाउन सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

**कलेन्द्र सेजुवाल, केन्द्रीय सदस्य**